annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २३९, पृष्ठ ८ | काठमाडौं, बुधबार २३ पुस २०८२ | माघ कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४६ | WEDNESDAY, JANUARY 7, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## बस्नेत अन्नपूर्ण पोस्ट्को प्रधान सम्पादक



सुनिता डंगोल

**काठमाडौं** (अन्नपूर्ण) : अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिकको प्रधान सम्पादकमा बालकृष्ण बस्नेत नियुक्त भएका छन्। अन्नपूर्ण मिडिया नेटवर्कले मंगलबार बस्नेतलाई प्रधान सम्पादकमा नियुक्त गरेको हो।

तीनकुनेस्थित प्रधान कार्यालयमा अन्नपूर्ण मिडिया नेटवर्कका अध्यक्ष क्याप्टेन रामेश्वर थापाले नवनियुक्त प्रधान सम्पादक बस्नेतलाई स्वागत गरेका थिए। त्यस्तै उक्त समारोहमा अन्नपूर्ण पोस्ट्का प्रधान सम्पादक अखण्ड भण्डारीलाई बिदाइ गरिएको थियो। अध्यक्ष क्याप्टेन थापाले प्रधान सम्पादक भण्डारीलाई आगामी यात्राको शुभकामना दिएका थिए।

बस्नेतलाई स्वागत गर्दै अध्यक्ष थापाले पत्रकारितामा परिपक्व अनुहार प्रकाशन गृहले पाएकोले आगामी दिन झन् प्रभावकारी हुने विश्वास राखेका थिए। 'प्रिन्ट मिडियाले निकै चुनौती भोग्दै आएको छ। यस्तो अवस्थामा नयाँ नेतृत्वले पर्याप्त सुझबुझ र अनुभवसहित काम गरी नेपाली पत्रकारितालाई बलियो र उचो राख्ने विश्वास लिएको छु', थापाले भने।

नवनियुक्त प्रधान सम्पादक बस्नेत प्रेस काउन्सिलका निवर्तमान अध्यक्ष पनि हुन्। कान्तिपुर दैनिकमा झन्डै २० वर्ष विभिन्न विभागीय प्रमुख भई काम गरेको अनुभव उनीसँग छ। ईकान्तिपुर दैनिकको समाचार प्रमुखको अनुभवसमेत सँगालेका बस्नेत अधिवक्ता पनि हुन्।

बस्नेतले समाजमा समाचारको शक्ति बढाउन सके पत्रकारिता झन् प्रभावशाली हुने बताए। विभिन्न पुस्ताको ध्यान तान्ने र रुचि बढाउने खालका समाचार सामग्रीको खाँचो अझै टड्कारो रहेको भन्दै उनले भने, 'पत्रकारिता कहिल्यै मर्दैन। खाली कस्ता समाचार आइरहेका छन् भन्ने मात्र हो। नेपाली पत्रकारिताको ध्यान यसतर्फ जान जरुरी छ।'

दोलखा घर भएका बस्नेतले आम सञ्चार तथा पत्रकारिता र राजनीतिशास्त्रमा स्नातकोत्तर एवं कानुनमा स्नातक गरेका छन्। खोजमूलक र रचनात्मक पत्रकारिता अध्ययन र तालिमका क्रममा उनले भारत, अमेरिका, चीनसहितका मुलुक भ्रमणसमेत गरिसकेका छन्।

कभर स्टोरी


### तीन ठूला दल

## राष्ट्रियसभामा गठबन्धन, प्रतिनिधिसभामा के गर्लान् ?

कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीले राष्ट्रियसभामा तालमेल गरेर चुनाव लड्ने सहमति गरिसकेका छन् । पुराना तीन दलबीचको यो तालमेल प्रतिनिधिसभा निर्वाचनमा पनि हुन्छ कि ? भन्ने जिज्ञाशा पैदा भएका छन् । शीर्ष नेताहरू खुलेआम सहकार्यको प्रस्ताव गरिरहेका छन् । नयाँ दल र शक्तिहरू एक ठाउँमा उभिएपछि पुराना दल गठबन्धनको गृहकार्यमा जुटेको नेताहरू बताउँछन् ।

**सुरेन्द्र काफ्ले/राधा खनाल** | *काठमाडौं*

– को रिपोर्ट



समाचार पृष्ठ २

## गैरीगाउँस्थित काठ गोदाम र लोयोला स्कुलमा आगलागी




सुनिता डंगोल

**अजवी पौड्याल** | *काठमाडौं*

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नजिक गैरीगाउँको एक काठ गोदाममा मंगलबार दिउँसो भीषण आगलागी भएको छ। आगलागीबाट गोदामसँगै रहेको लोयोला सेकेन्डरी स्कुल पनि पूर्णरूपमा क्षति भएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता पवन भट्टराईका अनुसार आगलागीबाट उक्त काठ गोदाम पूर्णरूपमा जलेको छ। वरिपरिका खाजा घर र पसलहरूमा समेत क्षति पुगेको छ।

ईश्वरबहादुर कार्कीले सञ्चालन गरेको काठ गोदाममा विद्युत् सर्ट हुँदा आगलागी भएको प्रहरीको अनुमान छ। उक्त गोदाममा विदेशबाट कार्गोमा आएका काठका सामग्रीहरू र्‍यापिङ गरेर स्टोर गर्ने गरिन्थे। आगलागीबाट लाखौंको धनमाल क्षति भएको छ। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको टोलीले आगलागी निभाउने प्रयत्न गरेका थिए। साँघुरो बाटो भएका कारण दमकल तुरुन्तै जान नसक्दा आगलागीबाट धेरै नै भौतिक क्षति भएको हो।

आगलागीबाट निस्केको मुस्लोले केहीबेर त्रिभुवन विमानस्थलको आकाश ढाकेको थियो। जसकारण केहीबेर जहाज उडानसमेत प्रभावित भएको थियो। काठ गोदाममा आगो लाग्नेबित्तिकै त्यससँग जोडिएको लोयोला सेकेन्डरी स्कुलले विद्यार्थी र सवारीसाधन बाहिर निकालेको थियो। एकैपटक आगलागी हुँदा स्थानीय र स्कुलका विद्यार्थीहरूबीच भागदौड मच्चिएको थियो।

काठ गोदाममा आगो सल्किएको थाहा पाउनेबित्तिकै विद्यार्थी र सवारीसाधनलाई बाहिर निकाले पनि स्कुल भने आगलागीबाट पूर्णरूपमा क्षति हुन पुगेको छ। आगो निभाउन तुरुन्तै दमकल पुग्न नसक्दा स्थानीयले आक्रोश पोखेका थिए। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता भट्टराईले आगलागी नियन्त्रणमा लिन ११ वटा दमकल प्रयोग भएको बताए। सयौंको संख्यामा सुरक्षाकर्मी र अग्नि नियन्त्रक परिचालन गरिएका थिए। भौतिक क्षतिको पूरा विवरण आइनसकेको प्रवक्ता भट्टराईले जानकारी दिए।

## सामाजिक सञ्जालको साँचो विदेशमा, दुरुपयोग रोक्न टाउको दुखाइ

### माघको पहिलो सातादेखि निर्वाचन आचारसंहिता

**राजकरण महतो** | *काठमाडौं*

निर्वाचन आयोगले माघको पहिलो सातादेखि निर्वाचन आचारसंहिता लागू गर्दैछ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र मर्यादित बनाउन आयोगले स्वीकृत गरिसकेको आचारसंहिता अर्को सातादेखि लागू गर्ने तयारी भइरहेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिए। तर, निर्वाचन आचारसंहिता कार्यान्वयन भने सहज छैन। सामाजिक सञ्जालको बढ्दो दुरुपयोग रोक्न निर्वाचन आयोगको लागि मुख्य चुनौती देखिएको छ। आयोगका बैठकहरूमा पनि सूचना प्रविधिको प्रयोगले आचारसंहिता कार्यान्वयनमा ठूलो चुनौती थपेको भन्दै चिन्ता व्यक्त भइरहेका छन्।

सामाजिक सञ्जाल/प्लेट फर्महरूको साँचो विदेशमा छन्। ती सञ्जालमा पोस्ट हुने र गरिने निर्वाचन विरोधी कन्टेन्ट कसरी नियन्त्रण गर्ने ?



> सूचना प्रविधिको दुरुपयोगबाट हुने चुनौती रोक्न आयोगले सबै पक्षसँग सहकार्य गर्छ । विगतका कमजोरीलाई सुधार गरी यस पटक निर्वाचन आचारसंहिता कार्यान्वयन प्रभावकारी बनाउन आवश्यक छ ।
>
> **सगुनशमशेर जबरा,**
> निर्वाचन आयुक्त

त्यो चाहिँ आयोगका लागि 'टाउको दुखाइ'को विषय बन्न पुगेको छ। सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्महरूबाट निर्वाचन समयमा प्रवाह हुने मिथ्य सूचना, द्वेषपूर्ण अभिव्यक्ति तथा भ्रमपूर्ण जानकारीको नियन्त्रण हुन सकेन भने निर्वाचन निष्ठा, निष्पक्षतामाथि प्रश्न उठ्ने निर्वाचन विज्ञहरूले बताउँदै आएका छन्। झन् फागुन २१ को प्रतिनिधिसभा सदस्यको निर्वाचन कठिन मोडमा भइरहेको छ।

**आयोगलाई चुनौती नै चुनौती**

सामाजिक सञ्जाल/प्लेटफर्महरूबाट हुने निवार्चन विरोधी हर्कतलाई कसरी नियन्त्रण गर्ने बारे आयोगको सिंगो टिम स्वदेशदेखि विदेशसम्मको सरकारी तथा सामाजिक सञ्जाल कम्पनीसँग सघन छलफलमा जुटिरहेको छ। आचारसंहिता कार्यान्वयका लागि निर्वाचन आयुक्त सगुनशमशेर जबराको संयोजकत्वमा अनुगमन समिति गठन गरिएको छ। निर्वाचन आचारसंहिता, २०८२ को दफा २६ को व्यवस्थाबमोजिम गठित केन्द्रीय आचारसंहिता अनुगमन समितिको पहिलो बैठक बसेको छ।

» बाँकी पृष्ठ ५

## सामाजिक सद्भावका लागि सहमति

**वीरगन्ज** (अन्नपूर्ण) : दुई फरक समुदायबीचको तनावका कारण अशान्त बनेको वीरगन्जमा धार्मिक र सामाजिक सद्भावका लागि पाँचबुँदे सहमति भएको छ।

जिल्ला प्रशासन कार्यालय पर्सामा मंगलबार सुरक्षा निकायका प्रमुखहरूको रोहबरमा बसेको हिन्दु र मुस्लिम समुदायका अगुवाहरू सम्मिलित सर्वपक्षीय बैठकमा सामाजिक सद्भाव कायम गर्ने लगायतका पाँचबुँदे सहमति गरिएको हो। उक्त सहमतिपत्रमा हिन्दु र मुस्लिम धर्मका अगुवा, जिल्लामा क्रियाशील राजनीतिक दलका नेताहरूले पनि हस्ताक्षर गरेका छन्।

पाँचबुँदे सहमति भएसँगै वीरगन्जमा सोमबारदेखि लगाइएको कर्फ्यु मंगलबार अपराह्न ३:३० बजेदेखि हटाइएको छ। गत आइतबारदेखि अशान्त बनेको वीरगन्जमा कर्फ्यु हटाएसँगै जनजीवन सामान्य बन्दै गएको छ। बजारहरू खुलेका छन् भने सडकमा आवागमन पनि सुचारु बनेको छ।


### एसएमसी अनलाइन ठगी

## राष्ट्र बैंकलाई पत्राचारको तयारी, ११ पक्राउ

**सुनिता कार्की** | *काठमाडौं*

'एसएमसी' एप्लिकेसनको माध्यमबाट नेटवर्क विस्तार गरी अनलाइन ठगी गर्ने समूहका ११ जना पक्राउ परेका छन्। विद्युतीय माध्यम सम्बद्ध ठगी तथा संगठित अपराधअन्तर्गतको कसुरमा उनीहरूलाई पक्राउ गरिएको साइबर ब्युरो काठमाडौंका प्रहरी उपरीक्षक एवं प्रवक्ता दीपकराज अवस्थीले जानकारी दिए। उनीहरूमाथि काठमाडौं जिल्ला अदालतबाट म्याद थप भई अनुसन्धान भइरहेको छ। अन्नपूर्ण पोस्ट्ले मंसिर १ गते 'होसियार! गाउँसम्म फैलिँदैछ एसएमसी ठगीको जालो' र मंसिर ११ गते 'अनलाइन एप एसएमसी ठगी प्रकरण : १२०० बैंक खाता रोक्का' शीर्षकमा समाचार प्रकाशित गरेको थियो।

खैरहनी नगरपालिका-६ चितवनका सोनम खातुनका नाममा कम्पनी दर्ता भएकाले उनी पनि पक्राउ परेकी छिन्। पक्राउ पर्नेमा एक चिनियाँ नागरिक र अन्य नेपाली छन्। ब्युरोले पुस २ गते चिनियाँ नागरिकसहित थप २ नेपालीलाई ठमेलस्थित होटल दी युनिभर्सलबाट पक्राउ गरी एसएमसी



कभर स्टोरी

'एसएमसी' एपबाट ठगी, गाउँसम्म फैलिँदै जालो

एसएमसीले यसरी लोभ्यायो

| स्तर | निक्षेप (रु) | दैनिक फिर्ता (रु) | मासिक फिर्ता (रु) | वार्षिक फिर्ता (रु) |
|---|---|---|---|---|
| के १ को स्तर | ३००० | १०० | ३००० | ३६,५०० |
| के २को स्तर | ९,९०० | ३३० | ९,९०० | १,२०,४५० |
| के ३ को स्तर | ३३,८०० | १,१४० | ३४,२०० | ४,१६,१०० |
| के ४ को स्तर | १,१०,००० | ३,८०० | १,१४,००० | १३,८७,००० |
| के ५ को स्तर | ३,०५,००० | १०,८०० | ३,२४,००० | ३९,४२,००० |
| के ६ को स्तर | ९,६०,००० | ३४,५०० | १०,३५,००० | १,२५,९२,५०० |
| के ७ को स्तर | २६,८०,००० | १,००,००० | ३०,००,००० | ३,६५,००,००० |
| के ८ को स्तर | ७५,००,००० | २,८८,००० | ८६,४०,००० | १०,५१,२०,००० |
| के ९ को स्तर | २,१०,००,००० | ८,४०,००० | २,५२,००,००० | ३०,६६,००,००० |

मोबाइलमा एप्स डाउनलोड गर्‍यो, सजिलै सदस्य बन्न पाइने। अनि, एसएमसीका आकर्षक 'स्किम' अनुसार पैसा जम्मा गर्‍यो, नेपाली, हिन्दी र अंग्रेजी फिल्मका ट्रेलर हेरे मात्रै पनि दिनमै हजारौं कमाइ हुने। यस्तो स्किम सुनेपछि नलोभिने सायदै होलान्। त्यसैकारण एसएमसी अनलाइन 'स्क्याम'मा परेर करोडौं रुपैयाँ ठगिएको भन्दै नेपाल प्रहरीको साइबर ब्युरोमा दैनिक उजुरी परिरहेका छन्। सर्वसाधारण मात्र होइन, पढेलेखेका व्यक्तिसमेत एसएमसीको जालोमा पैसा डुबाइरहेको ब्युरोका अधिकारीहरू बताउँछन्।



सुनिता कार्की | काठमाडौं

– को रिपोर्ट

समाचार पृष्ठ २

अनलाइन ठगीको अनुसन्धान अघि बढाएको हो। 'जसको नाममा खाता दर्ता भएको छ। जसको सबैभन्दा बढी पैसा गएको छ। उनीहरूलाई पनि पक्राउ गरिएको छ,' अवस्थीले भने, 'पैसा कलेक्सन गर्ने नेपाली छन्। नेपालीले पैसा उठाएर भारतीयलाई दिने गरेका छन। भारतीयले चिनियाँलाई दिने गरिएको पाइएको छ। पैसा कलेक्सन गरेर अन्त्य पठाउने गरी संगठित रूपमा यो काम भएको छ।,'

पीडितहरूको जाहेरीको आधारमा ३७ वर्षका चिनियाँ नागरिक, २१ वर्षका मिलन श्रेष्ठ, १९ वर्षका सौगात श्रेष्ठ, ३३ वर्षका वीरबहादुर तामाङ, २३ वर्षका सोनम खातुन, २३ वर्षका प्रिया केसी, २१ वर्षका गीता गुरुङ पक्राउ परेका छन्। यस्तै, ३७ वर्षका नासिर मियाँ अन्सारी, ६६ वर्षका सायरा खातुन र ६७ वर्षका राम निवासप्रसाद कलबार पनि पक्राउ परेका छन्। केन्द्रीय अनुसन्धान ब्युरोको सहयोगमा उनीहरूलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक अवस्थीले बताए। अझ धेरै प्रतिवादीहरू फरार छन्।

'उनीहरूमाथि कारबाही अघि बढाई अनुसन्धान जारी राखिने छ। फरार प्रतिवादी धेरै छन्। उनीहरू विरुद्ध पनि पक्राउ पुर्जी जारी भएको छ,' अवस्थीले भने। कात्तिक २५ गते एसएमसी अनलाइनबाट ठगिएको भन्दै उजुरी परेपछि साइबर ब्युरोले अनुसन्धान अघि बढाएको थियो। ब्युरोका अधिकारीहरू उजुरी पर्नुभन्दा अघिबाट नै अनुसन्धान सुरु गरेको बताउँछन्। कम्तीमा ५० हजारदेखि ६४ लाखसम्म उक्त अनलाइनबाट ठगिएको भन्दै ब्युरोमा उजुरी परेका छन्। हालसम्म २ सय ५५ वटा सामूहिक निवेदन प्राप्त भएको र १२ करोड ८ लाख, १६ हजार ३ सय ७२ रुपैयाँ ठगी भएको देखिएको छ। यसैबीच करिब १२ सय खाता रोक्का भएका छन्।

ठगीमा बैंकिङ च्यानलसँगै, हुन्डी, क्रिप्टोको पनि प्रयोग भएको देखिएकाले नेपाल राष्ट्र बैंकलाई पनि पत्राचार गर्ने तयारीमा ब्युरो रहेको अवस्थीले जानकारी दिए। 'राष्ट्र बैंकलाई पनि पत्राचार गर्ने तयारी छ। एसएमसीअन्तर्गत जुन पैसा गएका छन, कुनकुन खातामा गएका छन्, ती मानिसको आउनैपर्ने पैसा हो भने स्रोत खुलाएर प्रमाण दिन सक्नुपर्‍यो, होइन भने फिर्ता गर्नुपर्ने गरी राष्ट्र बैंकलाई पत्राचार गर्छौं। हामीसँग सम्पूर्ण डेटाबेस छ,' उनले अन्नपूर्णसँग भने।

**कम्पनी अमेरिकादेखि रजिस्ट्रार कार्यालय र खैरहनी नगरपालिकामा दर्ता भएको प्रमाण**

एसएमसी नेपाल एड्भरटाइजिङ मिडियाको नाममा कम्पनी अमेरिकामा पनि दर्ता भएको प्रमाण दिइएको थियो।

» बाँकी पृष्ठ ५